Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १२ ◆ अङ्क ३६३७ ◆ २०७८ फागुन २६ गते बिहीबार ◆ ने.सं. ११४२ ◆ पृष्ठ ८ ◆ Thursday, March 10, 2022 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com

## वैदेशिक सहयोग जुटाउन अर्थमन्त्री असफल

# लक्ष्यअनुसार पुँजीगत खर्च भएमा भुक्तानी गर्न रकम अभाव हुने

■ आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

### स्रोत सुनिश्चितता समेत थप बजेट मागको विवरण
नेपाल सरकार

| क्र.सं. | कार्यालयको नाम | रकम (रु.) |
|---|---|---|
| १ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | १ खर्ब ४४ करोड |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १३ अर्ब १७ करोड |
| ३ | खानेपानी मन्त्रालय | ३१ अर्ब ४० करोड |
| ४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २ अर्ब ६४ करोड |
| ५ | वन तथा वातावरण मन्त्रालय | ६३ करोड ५५ लाख |
| ६ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १ खर्ब ६९ करोड |
| ७ | शहरी विकास मन्त्रालय | ४१ अर्ब २४ करोड |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ अर्ब ७० करोड |
| ९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ अर्ब |
| १० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ८ अर्ब २५ करोड |
| | जम्मा | ३ खर्ब १ अर्ब १६ करोड |



अर्थमन्त्री जनार्दन शर्मा देशका लागि वैदेशिक सहयोग (ऋण तथा अनुदान) लिन असफल भएका छन् । वैदेशिक सहयोग लिन असफल भएपछि चालू आर्थिक वर्ष २०७८/०७९ को पुँजीगत खर्च सबै भएमा सरकारले रकम नै उपलब्ध गराउन नसक्ने अवस्था देखिएको छ । रकम जोहो गर्न नसकेपछि अर्थ मन्त्रालयले चालू आवको पुँजीगत खर्चको लक्ष्य ९० प्रतिशतमा सीमित गरेको थियो । फागुन अन्तिम सातासम्म पनि वैदेशिक सहयोग जुटाउन असफल भएपछि अर्थ मन्त्रालयले जानाजान रकम रोकेर पुँजीगत खर्च गर्ने निकायलाई निरूत्साहित पार्ने काम गरेको छ ।

'लक्ष्यअनुसार पुँजीगत खर्च गर्ने हो भने दिनसक्ने सामर्थ्य सरकारसँग छैन', अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'कर्मचारीलाई तलब र दैनिक प्रशासनिक खर्च धान्नको लागि कर र राजस्वले नपुग्ने अवस्था छ । वैदेशिक सहयोग नआएको कारण पुँजीगत खर्च नियन्त्रण गरेर कर्मचारीको तलब, दैनिक प्रशासन चलाउनेलगायतका काम गर्नुपर्ने बाध्यता छ ।'

महालेखा नियन्त्रकको कार्यालयका अनुसार बुधबारसम्म पुँजीगत खर्च ७२ अर्ब ३८ करोड ९४ लाख रूपैयाँ खर्च भइसकेको छ । सरकारले चालू आवमा तीन खर्ब ७८ अर्ब रूपैयाँभन्दा बढी रकम पुँजीगत खर्चका लागि विनियोजन गरेको छ । यही तरिकाले खर्च हुँदै जाने हो भने सरकारले पुँजीगत खर्चको लागि रकम व्यवस्थापन गर्नसक्ने अवस्था छैन ।

बुधबारसम्म सरकारको कुल खर्च छ खर्ब ५० अर्ब सात करोड ८४ लाख भएको छ भने आम्दानी सात खर्ब १४ अर्ब ४९ करोड ४३ लाख रूपैयाँ गरेको छ । अब पुँजीगत खर्च बढ्ने समय सुरू भएको छ । पैसा दैनिक भुक्तानी हुने हो भने काम धमाधम हुनेछ । तर, वैदेशिक सहयोग तथा आन्तरिक ऋण उठाउन अर्थ मन्त्रालय असफल भएपछि पुँजीगत खर्च भएको ठाउँमा पनि रकम दिन अर्थ मन्त्रालयले आनाकानी गरिरहेको छ । पैसा कम दिंदा ठेकेदारहरूले कम काम गर्ने भएको कारण अर्थ मन्त्रालयले काम भएको बिलको समेत भुक्तानी गर्न आनाकानी गरिरहेको हो । काम भएका अनुसार भुक्तानी दिंदै जाँदा सरकारी कोषमा दबाब पर्नेछ भने स्थानीय तहको निर्वाचनको लागि पनि बजेट व्यवस्था गर्न हम्मेहम्मे हुनेछ ।

बजेटले लिएको लक्ष्यअनुसार वैदेशिक सहयोग र आन्तरिक ऋण समयमा उठाउन सकेको भए सरकारलाई खर्च गर्न कुनै समस्या पर्ने थिएन । अधिकांश दातृनिकायले अर्थमन्त्री शर्मालाई नपत्याएको कारण हुने ठाउँमा पनि खर्च दिन नसकेर सरकारले सानातिना टुक्रे योजनालाई बजेट दिने काम गरेको छ । टुक्रे योजना सबैको माग भएको भन्दै ठूला आयोजनालाई छाडेर अर्थमन्त्री शर्माले टुक्रे योजनालाई प्राथमिकता दिएका हुन् । हुलाकी राजमार्गलगायतका राष्ट्रिय गौरवका अधिकांश योजनालाई अर्थ मन्त्रालयले बजेटमा व्यवस्था भएको रकम पनि दिन मानिरहेको छैन ।

बुधबारसम्म कर लक्ष्यको ५६ दशमलव १३ प्रतिशत उठिसकेको छ । खर्च पनि त्यहीअनुसार भइसकेको छ । उठेको जति खर्च हुने र वैदेशिक सहयोग आउन नसकेपछि सरकारको ढुकुटीमा दबाब परेको छ । यही बेला सरकारले गत असोज/कात्तिकको पानीबाट धानबालीमा पुगेको क्षतिबापत किसानलाई राहत रकम वितरण गर्ने योजना बनाएको छ । त्यसरी राहत र अन्य सहयोगको नाममा बजेट दिनैपर्ने भएको कारण सरकार पुँजीगत खर्चलाई कटौतीभन्दा पनि निरूत्साहित गर्ने योजनामा लागेको छ । स्वदेशी आम्दानीबाट मात्र खर्च धान्ने योजना अर्थ मन्त्रालयले बनाउँदै देशको विकासमा बाधा मात्र पर्ने होइन आम्दानीको स्रोत नै सुक्नेछ । यसले आगामी आर्थिक वर्ष अर्थतन्त्रमा थप दबाब सिर्जना हुनेछ ।

पैसा नभएपछि विकास खर्चलाई निरूत्साहित गर्न भएको कामको पनि भुक्तानी रोकेको अर्थ मन्त्रालयले बाहिर भने पुँजीगत खर्च हुन नसकेको भनेर झूटो प्रचार गरिरहेको छ । बुधबार मन्त्रालयमा भएको छलफलमा अर्थमन्त्री शर्माले ९० प्रतिशतसम्म पुँजीगत खर्च गर्न मन्त्रालयहरूलाई आग्रह गरेका थिए । तर, भएको कामको बिल भुक्तानी गर्न रकम माग गर्दा पनि अर्थ मन्त्रालयले दिएको छैन । 'काम भएको बिल पठाएको एक महिना भइसक्यो अर्थले रकम नदिएको कारण निर्माण व्यवसायीले काम नै रोकेका छन्', सडक विभागका एक सिनियर डिभिजिनल इन्जिनियर (सीडीई)ले आर्थिक दैनिकसित भने, 'पाँच करोड माग्दा पनि दिन नसकेर ठेकेदारले काम रोकेको छ ।'

बुधबार भएको छलफलमा पुँजीगत खर्च गर्ने मुख्य मन्त्रालयका सचिवहरूले ८० प्रतिशत पनि खर्च नहुने जानकारी अर्थमन्त्री शर्मालाई गराएका थिए । अर्थ मन्त्रालयले भएको कामको बिल भुक्तानीको लागि रकम नै नदिंदा बढी पुँजीगत बजेट भएका मन्त्रालयले कम खर्च गरेको देखिएको छ । मन्त्री शर्माले बढी पुँजीगत खर्च भएका मन्त्रालयको प्रगति सन्तोषजनक नहुनु चिन्ताको विषय भएको बताए पनि वास्तविकता भने अर्थ मन्त्रालयले नै रकम रोकेर त्यस्तो अवस्था सिर्जना गराएका हुन् ।

बजेटमा सरकारी लगानीका आयोजना, वैदेशिक स्रोतका आयोजना र साना आयोजना गरी मन्त्रालयले कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएको छ तर अहिले साना आयोजनालाई भुक्तानी दिन अर्थले चासो दिएको छ । ठूला आयोजनाहरू बहुवर्षीय हुने भएका कारण धेरै रकम दिंदा थप काम हुने र चालू आवको असार मसान्तमा रकमको चाप बढ्ने हुन्छ ।

'साना टुक्रे आयोजना जनताका लागि महत्वपूर्ण हुनसक्छन् । यस्ता आयोजनालाई बेवास्ता गर्नुभएन', अर्थमन्त्री शर्माले साना टुक्रे योजनामा आफ्नो प्राथमिकता रहेको भन्दै ठूला विकासका काम गर्ने मन्त्रालयका सचिवहरूलाई भने, 'साना आयोजना सम्पन्न नहुँदा कहिलेकाहीँ हामीकहाँ समेत राजनीतिक दबाब आउने गर्छ ।'

कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनीले कमजोर पुँजीगत खर्च गर्ने प्रवृत्तिबाट आफू निराश भएको बताएका थिए । 'भएको बजेटको कार्यान्वयन कम भए पनि अर्थ मन्त्रालयमा थप बजेटको माग गर्नेको चाप भने परेको छ ।

स्रोत सुनिश्चितता गर्नका

➤ बाँकी पृष्ठ २ मा

# २५ सय १४ विन्दुमा खुम्चियो सेयरबजार

## ३० अंकले ओरालो लाग्दा दुई अर्ब ३५ करोडको सेयर खरिदबिक्री




■ आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

सेयरबजार परिसूचक ओरालो लागेको छ । साताको चौथो कारोबार दिन बुधबार बजार परिसूचक ३० दशमलव २९ अंकले ओरालो लागेर २५ सय १४ दशमलव ६५ विन्दुमा झरेको छ । 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि पाँच दशमलव ४६ विन्दुले ओरालो लागेर चार सय ८७ दशमलव सात विन्दुमा झरेको छ ।

यस दिन १३ वटा उपसमूहहरूअन्तर्गत दुई सय २९ वटा कम्पनीहरूको सेयर खरिदबिक्री भएका छन् । यसअन्तर्गत ३९ हजार सात सय ८८ पटकको कारोबारमा ४९ लाख ५९ हजार नौ सय १९ कित्ता सेयर खरिदबिक्री भएको छ । सो अनुरूप यस दिन कुल कारोबार रकम दुई अर्ब ३५ करोड २३ लाख १७ हजार एक सय ४२ रूपैयाँ कायम भएको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा यस दिन कारोबार भएका कुल उपसमूहहरूमध्ये १३ वटै उपसमूहहरूको सूचक ओरालो लागेर सेयर बजार पूरै रातो देखिएको छ । जसमध्ये वाणिज्य बैंक उपसमूहको सूचक १२ दशमलव ९६ अंकले ओरालो लागेर १६ सय ४८ दशमलव ३२ विन्दुमा झर्दा विकास बैंक उपसमूहको सूचक पनि एक सय एक दशमलव ८२ अंकले ओरालो लागेर ४२ सय ३८ दशमलव ५५ विन्दुमा झरेको छ । जलविद्युत् उपसमूहको सूचक पनि ५५ दशमलव ९६ अंकले ओरालो लागेर २९ सय ९४ दशमलव ५४ विन्दुमा झरेकोमा फाइनान्स उपसमूहको सूचक पनि ४५ दशमलव ६९ अंकले ओरालो लागेर दुई हजार ३२ दशमलव नौ विन्दुमा झरेको छ । यसैगरी निर्जीवन बीमा उपसमूहको सूचक पनि एक सय ९८ दशमलव ५३ अंकले ओरालो लागेर ११ हजार एक सय ४९ दशमलव ६३ विन्दुमा झरेकोमा जीवन बीमा उपसमूहको सूचक पनि एक सय ३९ दशमलव नौ अंकले ओरालो लागेर १२ हजार नौ सय १७ दशमलव ७१ विन्दुमा झरेको छ । यीबाहेक ट्रेडिङ, होटल तथा पर्यटन, उत्पादनमूलक, अन्य, लघुवित्त, सामूहिक लगानी कोष र लगानी उपसमूहहरूको सूचक पनि क्रमशः ७९ दशमलव ११, १२ दशमलव शून्य नौ, ४७ दशमलव ८६, २८ दशमलव ९५, ४३ दशमलव ६४, शून्य दशमलव शून्य तीन र एक दशमलव ३७ विन्दुले ओरालो लागेका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको माउन्टेन इनर्जी नेपाल लिमिटेडको सेयर शून्य आठ दशमलव १० प्रतिशतले बढेर ११ सय ३५ रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको इमर्जिङ नेपाल लिमिटेडको सेयर मूल्य पनि तीन दशमलव ९९ प्रतिशतले बढेर तीन सय १० रूपैयाँ ५०

➤ बाँकी पृष्ठ २ मा

आर्टून — उमेशचन्द्र अधिकारी




इ-पेपर हेर्नको लागि

# पुँजी वृद्धिको लागि हकप्रद सेयर

## हालसम्म सात कम्पनीले पाए दुई अर्बभन्दा बढीको हकप्रदको अनुमति

■ सुरेश राउत
काठमाडौं, फागुन २५

**चालू आर्थिक वर्ष सुरु भएयता हकप्रद सेयर निष्काशन गर्न अनुमति पाउने कम्पनीहरु**

| क्र. सं. | कम्पनीको नाम | कित्ता | रकम (रुपैयाँमा) |
|---|---|---|---|
| १ | एक्सेल डेभलपमेन्ट बैंक | २४३३३६३.६७ | २४३३३६३६७ |
| २ | नारायणी डेभलपमेन्ट बैंक | १३१२३३८ | १३१२३३८०० |
| ३ | समृद्धि फाइनान्स | २७२९७०५ | २७२९७०५०० |
| ४ | छ्याङ्दी हाइड्रोपावर कम्पनी | ८९३०२५ | ८९३०२५०० |
| ५ | कर्पोरेट डेभलपमेन्ट बैंक | ३०००००० | ३००००००००० |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी | ५२७५५७२ | ५२७५५७२०० |
| ७ | आईएमई जनरल इन्स्योरेन्स | ४६३०३४४ | ४६३०३४४०० |
| | कुल | २०२७४३४७.६७ | २०२७४३४७६७.४२ |

(स्रोत : नेपाल धितोपत्र बोर्ड)

चालू आर्थिक वर्ष सुरू भएयता आधा दर्जन कम्पनीहरूले दुई अर्ब रूपैयाँभन्दा बढीको हकप्रद सेयर निष्काशनको लागि अनुमति पाएका छन् । नेपाल धितोपत्र बोर्डका अनुसार विकास बैंक, जलविद्युत् र बीमा समेतका गरी सातवटा कम्पनीहरूले एक सय रूपैयाँ अंकित मूल्य कायम रहने गरी दुई अर्ब दुई करोड ७४ लाख ३४ हजार सात सय ६७ रूपैयाँ ४२ पैसाबराबरको दुई करोड दुई लाख ७४ हजार तीन सय ४७ दशमलव ६७ कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएका हुन् ।

यसरी अनुमति पाएकामध्ये शिखर इन्स्योरेन्स कम्पनी र आईएमई जनरल इन्स्योरेन्स कम्पनीको हकप्रद सेयर बिक्री प्रक्रियामा नै रहेको भए पनि बाँकी कम्पनीहरूको भने हकप्रद सेयरको बिक्री कार्य सम्पन्न भइसकेको बोर्डले जानकारी दिएको छ । बोर्डका अनुसार अनुमति पाउने कम्पनीहरूमध्ये एक्सेल डेभलपमेन्ट बैंकले २४ करोड ३३ लाख ३६ हजार तीन सय ६७ रूपैयाँ बराबरको २४ लाख ३३ हजार तीन सय ६३ दशमलव ६७ कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । उक्त बैंकको सेयर बिक्री प्रबन्धकमा एनआईबीएल एस क्यापिटल लिमिटेड रहेको छ । यसैगरी नारायणी डेभलपमेन्ट बैंकले पनि १३ करोड १२ लाख ३३ हजार आठ सय रूपैयाँबराबरको १३ लाख १२ हजार तीन सय ३८ कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । उक्त बैंकको सेयर बिक्री प्रबन्धकमा ग्लोबल आईएमई क्यापिटल लिमिटेड रहेको छ ।

यसैगरी समृद्धि फाइनान्सले पनि २७ करोड २९ लाख ७० हजार पाँच सय

➤ बाँकी पृष्ठ २ मा

## बैंकिङ कसुर मुद्दामा फरार प्रतिवादी बञ्जाडे पक्राउ



काठमाडौं, फागुन २५ । बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन् । प्रहरीले काठमाडौं नयाँबानेश्वर बस्ने अर्घाखाँची मालारानी गाउँपालिका-२ ठेगाना भएका ४९ वर्षीय कृष्ण प्रसाद बन्जाडेलाई बुधबार पक्राउ गरेको हो ।

बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटन ललितपुरको २०७७ पुस २४ र २०७८ मंसिर

➤ बाँकी पृष्ठ २ मा

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रहरीमाथि अभद्र व्यवहार गरेको अभियोगमा पक्राउ

भक्तपुर, फागुन २५ । सूर्यविनायक नगरपालिका-६ सूर्यविनायक चोकमा ड्युटीमा खटिएको प्रहरीलाई हातपात एवं अभद्र व्यवहार गरेको अभियोगमा सोही ठाउँ बस्ने सुनसरी रामधुनी नगरपालिका घर भएका २५ वर्षीय बाबुराम कोइराला लगायत दुई जनालाई मंगलबार बेलुकी प्रहरीले पक्राउ गरेको छ ।

मादक पदार्थ सेवन गरी बा.३९प ३७३९ नम्बरको मोटरसाइकलमा सल्लाघारीबाट जगातीतर्फ आउँदै गरेका उनीहरूलाई ट्राफिक प्रहरी कार्यालय सल्लाघारीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा प्रहरीमाथि नै हातपात गरेपछि पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौं फोन नं: ४२४६१६० हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०७८/११/२६

यस बैंकको निक्षेपकर्ता श्री गंगा राम निङलेखुको नाति, श्री आग बहादुर निङलेखुका छोरा, तेह्रथुम जिल्ला, साब्ला तम्फुला गा.वि.स, वडा नं ४ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला, बिराटनगर महानगरपालिका, वडा नं. ८ बस्ने श्री गोपाल बहादुर निङलेखु (ना.प्र. नं. १४४७/८५९८, जारी मिती २०३९/१/७) को मिति २०७८/१०/१८ गते ६८ वर्षको उमेरमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत तथा मुद्दति खातामा रहेको रकम उपलब्ध गराई दिनुहोस् भनी मृतकको जेठो छोरा श्री भुमी राज लिम्बु निङलेखुले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र र निजको भाई श्री जिवन लिम्बु निङलेखुको मञ्जुरीनामाको लिखत लगायतका कागजातहरू समेत संलग्न गरी निवेदन दिनु भएको र मृतक खातावालाश्री गोपाल बहादुर निङलेखुकी नाबालक छोरी निङवाफुङ निङलेखुको संरक्षक निवेदक श्री भुमी राज लिम्बु निङलेखुनै रहेको भनि विराटनगर महानगरपालिका, वडा नं. ८ को कार्यालयबाट सिफारिस समेत भई आएकोले निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकममा निवेदकको माग बमोजिम मृतकको जेठो छोरा, श्री भुमी राज लिम्बु निङलेखुको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बैंक अफ काठमाण्डू लिमिटेड**
**BANK OF KATHMANDU LTD.**

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

(मिति २०७८/११/२६ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)

यस बैंक अफ काठमाण्डू लिमिटेडको **नारायणघाट शाखा कार्यालय, चितवन**, (यस पछि बैंक भनिएको छ ।) मा बागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा वडा नं.११ स्थायी ठेगाना भै हाल बागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा वडा नं.११ बस्ने महा नन्द पौडेल को नाति, काशीराम पौडेल को छोरा तथा हरीकला पौडेल को श्रीमान **बलराम पौडेल** ले (ना.प्र.न.८७३/०३५) यस बैंकमा खाता नम्बर **०५५६००८१४०१३५२४** को खाता खोली निक्षेप कारोबार गर्दै आउनु भएकोमा निज खातावालको मिति **२०७८/१०/१०** मा देहवसान भएकोले मृतकको नाममा बैंकमा रहेको उक्त खाताको रकम मेरो नाममा (हरीकला पौडेल) नामसारी गरिपाऊँ भनी सो व्यक्तिले मृत्यू दर्ता प्रमाणपत्र तथा नाता प्रमाणित र मृतकको परिवारको मञ्जुरीनामा लगायत अन्य आवश्यकीय कागजातहरू सहित यस बैंकमा **२०७८/११/१२** मा सो खाताको रकम उपर हकदावी गरी उक्त खाताको रकम मेरो खाता नम्बर **२४३६००००००३७५२४** मा सारिदिन अनुरोध गर्दछु भनी निवेदन पेश गर्नु भएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदै निज निवेदक बाहेक अन्य कसैको हकदावी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका हकवालाहरूले दावी गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचनाको अवधिभित्र कोही कसैको हकदावी पेश नभएमा तथा रित नपुऱ्याई पेश हुन आएको निवेदन उपर कुनै कारवाही नहुने र बैंकको नीति, नियम बमोजिम सम्बन्धित निवेदकलाई ३६ औं वा कार्यालय खोलेको दिनमा आवश्यक प्रकृया बमोजिम गरी खातावालको खातामा रहेको निक्षेप रकम भुक्तानी भै जाने र सो उपर अन्य कोही कसैको हकदावी नलाग्ने साथै यस बैंक जिम्मेवार नहुने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मितिः २०७८/११/२६)

छप बहादुर घर्तीको नाति, ज्ञान बहादुर घर्तीको छोरा, गीता जि.सी.को श्रीमान, दाङ जिल्ला, गढवा गा.पा. वडा नं ०७ बस्ने यम बहादुर जि.सी.को मिति २०७६/११/२२ मा मृत्यु भएकोले निज र निजको श्रीमती गीता जि.सी.को नाममा यस बैंकको गढवा शाखामा रहेको संयुक्त बचत खाता नं. १४९००९१७०८१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमातीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय गढवा वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावीनपरेमा वा रीत नपुगेको दरखास्तउपर कुनै कारवाहीनहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौं ।

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय, गढवा ,दाङ, फोन नं.०८२-४१०००२, ४१०००७**

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

धर्मराज अर्यालको नाति हरिप्रसाद अर्यालको छोरा शान्ता रेग्मीको पति काठमाण्डौ जिल्ला चन्द्रगिरि ना.पा वडा नं. ५ बस्ने, यस बैंकको जलेश्वर शाखाका खातावाला शुशील कुमार अर्यालको मिति २०७८।०९।१० मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०६३००७६६११५०००१८ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, काठमाण्डौ जिल्ला चन्द्रगिरि ना.पा वडा नं. ५ बस्ने शान्ता रेग्मीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**शाखा कार्यालय : जलेश्वर**
फोन नं.०४४-५२००८७५, फ्याक्स :०४४-५२०८७६

# विपद् व्यवस्थापन आधारभूत तालिम समापन

काठमाडौं, फागुन २५ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा प्रहरी प्रधान कार्यालय विपद् व्यवस्थापन महाशाखा सामाखुशीमा संचालित २४औं समूहको विपद् व्यवस्थापन आधारभूत तालिम समापन भएको छ । उक्त तालिम समापनका अवसरमा बुधबार आयोजित कार्यक्रमबीच सोही महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्याम लाल ज्ञवालीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरे ।

उक्त अवसरमा प्रहरी वरिष्ठ उपरीक्षक ज्ञवालीले तालिममा सिकेका ज्ञान, सीप र दक्षतालाई चनाखो भई विपद् उद्दारमा प्रयोग गर्नुपर्ने बताए । प्रहरी कर्मचारीहरूलाई विपद्, खोज तथा उद्दार कार्य सम्बन्धी ज्ञान सीप प्रदान गरी दक्ष उद्दारकर्मी तयार गर्न तालिम प्रदान गरिएको उनले उल्लेख गरे ।

तालिम संयोजक प्रहरी नायब उपरीक्षक भरत बहादुर बिकले तालिम प्रतिवेदन प्रस्तुत गर्दै जम्मा ४५ दिन कार्यअवधिको उक्त तालिममा प्रहरी निरीक्षक दुई जना, प्रहरी नायब निरीक्षक तीन जना, प्रहरी सहा यक निरीक्षक तीन जना, प्रहरी हवल्दार तीन जना र प्रहरी जवान १९ जना गरी जम्मा ३० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको जानकारी दिए ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**(प्रकाशित मिति २०७८/११/२६)**

**घिसीयावन कुर्मीको बुहारी, शिव प्रसाद कुर्मीको श्रीमती, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ बस्ने मधुनि देवी कुर्मीनी (ना.प्र.नं. ५८६, जि.प्र.का. नवलपरासीबाट मिति २०४६/०३/०७) ले यस बैंकको परासी शाखामा बचत खाता नं. ०५१००५२११७३०००१९ संचालन गर्दै आउनु भएकोमा निज खातावाला मधुनि देवी कुर्मीनीको मिति २०७७/११/०७ मा निधन भएकोले यस बैंकमा रहेको बचत खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको बुहारी सन्तोषी देवी कुर्मीले मिति २०७८/११/१८ मा निवेदन गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित बचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सबुद प्रमाणसहित यस बैंकमा हकदावी गर्न आउनु होला । अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।**

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, परासी

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको **तम्घास** शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **शंकर वि.क.** को मिति २०७८/०९/१८ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती मनिशा वि.क. बाट मिति २०७८/११/०२ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको **तम्घास** शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **इन्द्र बहादुर सोमै**को मिति २०७८/०५/२० मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती थमकली सोमैबाट मिति २०७८/०८/०१ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

## मध्य सोलु खोला जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति : २०७८/११/२६)

श्री मिड सोलु हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेडद्वारा प्रदेश नं १ को सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका वडा नं. ६ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | नामः मिड सोलु हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेड<br>ठेगानाः काठमाडौं महानगरपालिका वडा नं-३१, बलभद्रमार्ग, काठमाण्डौ<br>मोबाइल नं.: ०१-४४७४१६५<br>इमेलः midsole.hydropower@gmail.com |
| **प्रस्तावको व्यहोरा** | श्री मिड सोलु हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेड प्रस्तावक रहेको मध्य सोलु खोला जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका वडा नं ६ मा पर्दछ । ५५० मि. लम्बाई भएको प्रसारण लाईनको सुरुवाती बिन्दु मध्य सोलु खोला हाइड्रोपावर आयोजनाको स्वचयार्ड देखि Loop in loop out–(LILO) in AP–20 of अपर सोलु खोला हाइड्रोपावर आयोजनाको १३२ के.भि. विद्युत प्रसारण लाइनको आयोजनासम्म रहेको छ ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ (नियम-७ को उपनियम (२) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरीएको छ । |
| **प्रभाव पर्नसक्ने जिल्ला/न.पा. / गा. पा.** | सोलु दुधकुण्ड नगरपालिकाको वडा नं ६ पर्दछ । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण कार्यसूची प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा, गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय/सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय/सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नामः मिड सोलु हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेड<br>ठेगानाः काटमाण्डौ महानगरपालिका वडा नं-३१, बलभद्रमार्ग, काठमाण्डौ<br>मोबाइल नं.: ०१-४४७४१६५<br>इमेलः midsole.hydropower@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | नेपाल इन्भारोमेन्ट एण्ड डेभेलेभमेन्ट कन्सल्टेन्ट प्रा. लि.<br>ठेगाना : काठमाडौ महानगरपालिका वडा नं ३५, बसन्तमार्ग, ववरमहल, काठमाडौं, नेपाल ।<br>फोन नं : ९८०११०५९८०<br>इमेल :Consultingnepal@gmail.com |

# लुम्बिनी क्षेत्र विकास कोषमा रिक्त पदाधिकारी नियुक्त

काठमाडौँ, फागुन २५ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले लुम्बिनी क्षेत्र विकास कोषमा रिक्त नौ पदमा पदाधिकारी नियुक्त गरेका छन् । विकास कोषमा रिक्त रहेका नौ वटा पदमा मन्त्रिस्तरीय निर्णयबाट उनीहरूलाई नियुक्त गरिएको लुम्बिनी क्षेत्र विकास कोषले जनाएको छ ।

नवनियुक्त भएकालाई बुधबार मन्त्री आलेले मन्त्रालयमा बधाईसहित स्वागत गरे । उक्त कोषमा नियुक्त भएकामा कोषाध्यक्ष ढुण्डीराज भट्टराई, कार्यकारी सदस्यमा राजेश शाक्य, नेत्र शाही, विश्वराज पौडेल तथा रामनरेश कोहार रहेका छन् ।

यसैगरी परिषद् सदस्यमा प्रकाश भट्टराई, धनराज कँडेल, श्रीराम यादव तथा गोपिकृष्ण शर्मा रहेका छन् । नवनियुक्त पदाधिकारीलाई मन्त्री आलेले निर्धक्कका साथ लुम्बिनी क्षेत्रको विकासमा लाग्न निर्देशन दिएका छन् । आउँदै गरेको बुद्धजयन्ती भव्य तथा सभ्यरूपमा सफल पार्नका लागि सबै पदाधिकारी, कर्मचारी एकजुट भएर लाग्नसमेत निर्देशन दिएका छन् ।

Find us on : facebook/ aarthikdainik

## बीमालेख हरायो

यस कम्पनीले जारी गरेको श्री हर्क बहादुर महता बीमालेख नं. ५०१०४४७११ को बीमालेख मिति :-२०७७/१०/१२ मा हराएको हुँदा फेलापार्नुहुने महानुभावले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**नेपाल लाइफ इन्स्योरेन्स कं.लि.**
**शाखा कार्यालय काठमाण्डौं ।**
**फोन नं. ४१६९१२९, ४१६९१३०**
**पोष्ट बक्स नं. ११०३०**

## बैंकिङ....

२१ गतेको फैसलाले ४ दिन कैद र ११ लाख रूपैयाँ जरिवाना तोकी फरार रहेका उनलाई महानगरीय अपराध महाशाखा मीनभवनबाट खटिएको प्रहरीले काठमाडौं थापागाउँबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको महाशाखाले जानकारी दिएको छ ।

यसैगरी युट्युब च्यानलमार्फत अनर्गल वक्तव्यबाजी तथा चरित्रहत्या गर्ने उद्देश्यले भ्रामक समाचार सम्प्रेषण गरेको अभियोगमा पनि प्रहरीले सोही दिन दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नागार्जुन नगरपालिका-८ भीमढुंगा बस्ने ५३ वर्षीय हरि उदासी भन्ने हरि परियार र तारकेश्वर नगरपालिका-४ शेषमती बस्ने लमजुङ राईनास नगरपालिका स्थायी वतन भएका २७ वर्षीय निशान चिलवाल रहेका छन् ।

हरिले 'नेपाल मिडिया' र निशानले 'विशाल नेपाल' नामक युट्युब च्यानलमार्फत गम्भीर प्रकृतिको अपराध अनुसन्धानको प्रक्रियालाई समेत प्रभावित पार्ने उद्देश्यका साथ पीडितको मानमर्दन र चरित्रहत्या हुने गरी भ्रामक समाचार सम्प्रेषण तथा अनर्गल वक्तव्यबाजी गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुर गरेको खुल्न आएपछि प्रहरी प्रधान कार्यालय साइबर ब्युरो भोटाहिटीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूउपर जिल्ला अदालत काठमाडौंबाट ७/७ दिन म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको ब्युरोले जानकारी दिएको छ ।

## पुँजी...

रूपैयाँबराबरको २७ लाख २९ हजार सात सय पाँच कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । फाइनान्सको सेयर बिक्री प्रबन्धकमा बीओके क्यापिटल मार्केट लिमिटेड रहेको छ । बोर्डका अनुसार छ्याङ्दी हाइड्रोपावर कम्पनीले पनि आठ करोड ९३ लाख दुई हजार पाँच सय रूपैयाँबराबरको आठ लाख ९३ हजार २५ कित्ता हकदप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । उक्त कम्पनीको सेयर बिक्री प्रबन्धकमा ग्लोबल आईएमई क्यापिटल लिमिटेड रहेको छ । यसैगरी कर्पोरेट डेभलपमेन्ट बैंकले पनि ३० करोड रूपैयाँबराबरको ३० लाख कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । बैंकको सेयर बिक्री प्रबन्धकमा सिभिल क्यापिटल मार्केट लिमिटेड रहेको छ । बोर्डका अनुसार शिखर इन्स्योरेन्स कम्पनीले पनि ५२ करोड ७५ लाख ५७ हजार दुई सय रूपैयाँबराबरको ५२ लाख ७५ हजार पाँच सय ७२ कित्ता हकप्रद सेयर जारी गर्नको लागि अनुमति पाएको छ । उक्त कम्पनीको सेयर बिक्री प्रबन्धकमा एनआईबील एस क्यापिटल लिमिटेड रहेको छ ।

बोर्डका अनुसार आईएमई जनरल इन्स्योरेन्स कम्पनीले पनि ४६ करोड ३० लाख ३४ हजार चार सय रूपैयाँबराबरको ४६ लाख ३० हजार तीन सय ४४ कित्ता हकप्रद सेयर निष्काशन गर्नको लागि अनुमति पाएको छ । कम्पनीको सेयर बिक्री प्रबन्धकमा भने ग्लोबल आईएमई क्यापिटल लिमिटेड नै रहेको छ ।

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएका**

## सूचना

यस कार्यालयमा २०६४/०५/२३ मा दर्ता भएको प्रा लि न ४८०१४ को युनाइटेड फिल्म अर्गनाइजर्स प्रा लि. नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०६२।०३।०६ गते **पद्य आवास प्रा.लि**.को नामबाट दर्ता भएको प्रा.लि.न.३४८८७।०६१।६२ कम्पनीको मिति २०७८।११।०९ मा बसेको विषेश साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदा यस कम्पनीमा कोही कसैको कुनै बाकी बक्यौता वा लेनदेन आदि बाकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न सुचित गरिन्छ ।

**लिक्विडेटर : राम बहादुर तामाङ्ग प्र.प.न.५०६**
**बबरमहल, काठमाण्डौ ९८५११९२६८७**

## कम्पनीको नाम परिवर्तनको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।११।२६)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७८।११।२३ को निर्णयानुसार **भक्तपुर आयुर्वेद सेवा केन्द्र कम्पनी प्रा. लि**.को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **हेल्थ होम प्लस प्रा. लि**. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/११/२६

यस कम्पनीको बिशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **चिक्युजिन नेपाल कन्सल्टेन्सी प्रा.लि.(प्रा.लि.नं.१५१५४६/०७२/०७३** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एलिभेट एजुकेशन एण्ड भिसा सर्भिसेज प्रा.लि**. कायम गरिएको जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/११/२६

यस कम्पनीको मिति २०७८/१०/१८ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **टोक्यो इन्टरनेशनल ल्याङवेज प्रा.लि.(प्रा.लि.नं.१०९६८६)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **टोक्यो ईन्टरनेशनल एजुकेशन इस्टीच्युट प्रा.लि**. कायम गरिएको जानकारी गराइन्छ ।

## वैदेशिक....

लागि भन्दै विभिन्न विकासे मन्त्रालयले अर्थ मन्त्रालयसँग थप बजेट माग गरेका छन् । विभिन्न १० वटा मन्त्रालयले स्रोत सुनिश्चितता गर्नका लागि भन्दै तीन खर्ब एक अर्ब १६ करोड रूपैयाँ अर्थसमक्ष माग गरेका छन् ।

यसरी बजेट माग गर्नेमा सबैभन्दा धेरै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एक खर्ब ६९ करोड, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एक खर्ब ४४ करोड, सहरी विकास मन्त्रालय ४१ अर्ब २४ करोड, कृषि तथा पशुपन्छी विकास मन्त्रालय १३ अर्ब १७ करोड, खानेपानी मन्त्रालय ३१ अर्ब ४० करोड, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय दुई अर्ब ६४ करोड, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय एक अर्ब ७० करोड, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आठ अर्ब २५ करोड, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एक अर्ब र वन तथा वातावरण मन्त्रालय ६३ करोड ५५ लाख रहेको छ ।

यसैबीच, बजेट कार्यक्रममा देखिएका समस्या पुरानै भएकाले आगामी बजेट निर्माण गर्दा सबै कमजोरी सुधार गर्न अर्थमन्त्री शर्माले निर्देशन दिएका छन् । सबै मन्त्रालयलाई बजेटको सिलिङ पठाइसकेका जानकारी दिँदै उनले कार्यक्रम बनाएर पठाउनुको सट्टा बजेट कार्यान्वनयमा हालसम्म देखिएका समस्या सुधार गर्ने कार्ययोजना पहिला पेश गर्न निर्देशन दिएका थिए ।

'जति सिलिङ तोकिएको छ, त्यहीअनुसार बजेट बनाउनुस् । तर, पहिले आफुहरूबीच छलफल गरेर बजेट कार्यान्वयनमा देखिएका समस्या पहिल्याउनुस् । अहिलेसम्मको समस्या नदोहोरिने सुझाव के हुन् भन्ने कुरा एक हप्ताभित्र अर्थमा सबैले पठाउनुस्', उनले भने ।

## २५ सय....

पैसा अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक आईसीएफसी फाइनान्स, प्रभु इन्स्योरेन्स कम्पनी आदिको सेयर मूल्य पनि उकालो लागेका छन् । गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको विशालबजार कम्पनीको सेयर मूल्य पाँच दशमलव ७८ प्रतिशतले घटेर चार हजार एक सय ९३ रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको सामुदायिक लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य पनि पाँच दशमलव ६० प्रतिशतले घटेर ११ सय ८० रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक बुद्धभूमि नेपाल लिमिटेड, माउन्टेन हाइड्रो नेपाल लिमिटेड आदिको सेयर मूल्य पनि ओरालो लागेका छन् ।

यस दिन नेपाल टेलिकमको सबैभन्दा बढी रकम कारोबार भएको छ । उक्त कम्पनीको एकैदिन प्रतिकित्ता १६ सय ८० रूपैयाँ अन्तिम मूल्यमा १० करोड ५२ लाख २१ हजार पाँच सय ९९ रूपैयाँको सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको एनआईसी एसिया बैंकको पनि प्रतिकित्ता सात सय ६० रूपैयाँ अन्तिम मूल्यमा १० करोड ४८ लाख ५१ हजार नौ सय २२ रूपैयाँको सेयर किनबेच भएको छ । यीबाहेक अपी पावर लिमिटेड, अरूण भ्याली हाइड्रोपावर कम्पनी आदिको पनि बढी रकम कारोबार भएका छन् ।

# महासंघको २३औँ साधारणसभा तथा १२औँ अधिवेशन शुक्रबारदेखि

आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

नेपाल निर्माण व्यवसायी महासंघको २३औँ साधारणसभा तथा १२औँ अधिवेशन शुक्रबारदेखि सुरू हुने भएको छ । राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने साधारणसभा तथा अधिवेशन आइतबारसम्म चल्नेछ ।

महासंघले बुधबार पत्रकार सम्मेलन गरी साधारणसभा तथा अधिवेशन कार्यक्रमको तयारी समेत पूरा भएको जनाएको छ । महासंघका अनुसार कार्यक्रमको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नेछन् । साधारणसभा तथा अधिवेशनमा करिब एक हजार दुई सय प्रतिनिधि र सोही संख्यामा पर्यवेक्षकको सहभागिता रहनेछ । साधारणसभाकै उद्घाटनसत्रमा प्रधानमन्त्री देउवाले महासंघको मुखपत्र निर्माण विशेषांकको विमोचन समेत गर्ने महासंघले जनाएको छ । अधिवेशनले आगामी तीन वर्षका लागि महासंघमा नयाँ कार्यसमिति समेत चयन गर्नेछ । महासंघको ५९ सदस्यीय कार्यसमितिमध्ये अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, एसोसिएटसहित आठ उपाध्यक्ष, महासचिव एक, उपमहासचिव दुई, कोषाध्यक्ष, सहकोषाध्यक्षसहित ४६ पदमा निर्वाचन हुनेछ ।




साधारणसभामा महासचिव एवम् कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरिनुका साथै सार्वजनिक हुने क्रममा रहेको सार्वजनिक खरिद नियमावलीको ११औँ संशोधन र व्यवसायीहरूका अन्य मागहरूका विषयमा व्यापक छलफल भई काठमाडौं घोषणापत्र जारी गरिने महासंघले जनाएको छ । अधिवेशनस्थलबाहिर निर्माण उद्योगसम्बन्धी विभिन्न संस्था एवं कम्पनीका ३० वटा स्टलहरु रहनेछन् । साधारणसभा तथा अधिवेशन कार्यक्रम सफल रूपमा सम्पन्न गर्न महासंघका अध्यक्ष रवि सिंहको अध्यक्षतामा मूल आयोजक समिति र यस मातहत विभिन्न उपसमितिहरु गठन गरिएका छन् ।

पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष सिंहले सार्वजनिक खरिद नियमावलीको ११औँ संशोधनले निर्माण उद्योगमा देखिएका धेरै समस्या समाधान गर्ने बताए । महासंघका वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डेले समस्याग्रस्त रहेको निर्माण उद्योग सुधारका लागि ११औँ संशोधन आवश्यक रहेको बताए । एसोसिएट उपाध्यक्ष आङ दोर्जी लामा (एडी) ले ११औँ संशोधन तत्काल सार्वजनिक हुनुपर्नेमा जोड दिए । यसैबीच अन्तर्राष्ट्रिय स्तरमा भइरहेको इन्धनको भारी मूल्यवृद्धिसँगै निर्माण सामग्रीमा भइरहेको अत्यधिक मूल्यवृद्धिका कारण निर्माण व्यवसायीहरु थप मारमा परेको महासंघका महासचिव रोशन दाहालले बताए । महासंघका नीतिगत उपमहासचिव तथा प्रवक्ता टंकप्रसाद चौलागाईले निर्माण उद्योगका समस्या समाधान गर्न साधारणसभा तथा अधिवशेन सफल हुने विश्वास व्यक्त गरे ।

# उत्पादनलाई बजारसम्म पुर्‍याउन नेक्सजेन रिसर्च कम्पनी

आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

उत्पादित वस्तु तथा सेवाहरूलाई बजार अभाव हुन नदिन रिसर्च कम्पनी स्थापना हुने भएको छ । निजी क्षेत्र, बैंक तथा बीमा क्षेत्रका अनुभवी व्यक्तिहरूको सक्रियतामा नेक्सजेन रिसर्च एण्ड मार्केटिङ कम्पनी गरिने भएको हो ।

वस्तु र सेवा उत्पादन हुनुअघि सोको आवश्यकताको अध्ययन अनुसन्धान नहुनु र बजार व्यवस्थापनको निर्क्योल नगरेको कारण धेरै उद्योग व्यवसाय घाटामा चलेको वा बन्द भएको अवस्था छ । एउटाले कुनै उद्योग व्यवसाय चलाएको देखेर सोही प्रकृतिको उद्योग व्यवसाय खोल्ने लहरले भएको उद्योग व्यवसाय पनि अस्वस्थ र कडा प्रतिस्पर्धाको कारण चल्नसकेको छैन । नेपालको दुईतिर ठुला छिमेकी हुनु, अर्बौं जनसंख्याको बजार हुनु, उत्पादित वस्तुको लागत कम हुनु र बजार व्यवस्थापन बलियो हुनुको कारण पनि खुला सिमाना भएको तीन करोडको सानो बजारमा राम्रै अध्यन अनुसन्धान गरेर मात्र उद्योग व्यवसाय खोल्नुपर्ने हुन्छ । अझ वर्तमानको विषम र संकटग्रस्त उन्मुख आर्थिक अवस्थामा धेरै सोचेर विचार गरेर मात्र नयाँ उद्योग व्यवसायमा हात हाल्नुपर्ने महालक्ष्मी लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराई बताउँछन् ।




उनका अनुसार सोही जटिल परिस्थितिलाई हेरेर नयाँ खोल्ने उद्योग व्यवसाय स्थापना पूर्वअध्ययन अनुसन्धान तथा कमजोर अवस्थामा, सञ्चालनमा रहेका उद्योग व्यवसायको प्रभावकारी बजार व्यवस्थापनमा सहयोग गर्ने गरी रिसर्च एण्ड मार्केटिङ कम्पनी खोल्ने योजना बनाइएको हो । भट्टराईका अनुसार देशैभरिबाट ५० जनाजतिको प्रतिनिधित्व हुने गरी प्रस्तावित कम्पनीको एक करोड अधिकृत तथा ५० लाख रूपैयाँ जारी र चुक्ता पुँजी हुनेछ । सातवटै प्रदेशबाट अध्यन अनुसन्धान र बजार व्यवस्थापनमा रूचि हुने सक्रिय व्यक्तिलाई ५० हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्मको सेयर दिइनेछ ।

एक वर्षभित्र सातवटै प्रदेशमा कार्यालय स्थापना गर्ने, बैंक, बीमा, पुँजीबजार, उद्योग व्यवसाय, कृषि, पर्यटनलगायत अन्य क्षेत्रलाई आफ्नो वस्तु र सेवाको विषयमा उत्पादन पूर्वको अनुसन्धान गर्न तथा उत्पादनपछि बजारीकरणमा सहयोग गर्ने कम्पनीको मुख्य उद्देश्य रहेको उनले बताए । कम्पनी स्थापनापछि विभिन्न ठाँउमा रहेको संस्थापक लगानीकर्तालाई फोकल प्वाइन्ट बनाई गरिने अध्यन अनुसन्धान र बजारीकरणबाट हुने आम्दानीको अधिकांश भाग काम गर्नेले राम्रो आय आर्जन गर्न सक्छन् भने केही भाग कम्पनीले लिई लगानीकर्तालाई पनि राम्रो प्रतिफल दिने गरी कार्ययोजना बनाउँदै गरेको जानकारी दिइएको छ ।

# आईएमई मोटर्सको सिमराही र चन्द्रनिगाहपुरमा शाखा विस्तार

आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

आईएमई ग्रुपअन्तर्गत सञ्चालित आईएमई मोटर्स प्रालिले दुईवटा शाखा विस्तार गरेको छ । दुधौली नगरपालिका सिमराही (कटारी बजारनजिक) सर्भिस सेन्टर र चन्द्रनिगाहपुर नगरपालिकास्थित शोरूमको एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । सुविधासम्पन्न शाखाबाट अशोक लेल्यान्ड गाडीहरूका लागि सेल्स, सर्भिस र स्पेयर पार्ट्स उपलब्ध हुनेछन् ।

शाखाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल र भारतको दोस्रो ठूलो अटोमोबाइल कम्पनी अशोक लेल्यान्डका क्षेत्रीय प्रमुख तन्मय मित्रका साथै उक्त क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थितिमा गरिएको हो । कार्यक्रममा ग्रुपका अध्यक्ष ढकालले अशोक लेल्यान्डमा गरेको लगानीले भविष्यमा राम्रो प्रतिफल दिने र एउटा भरपर्दो ब्राण्ड भएकोले यसमा लगानी गरेको जानकारी दिए । साथै उनले यस क्षेत्रका ग्राहकहरूलाई ढुक्क भएर अशोक लेल्यान्ड गाडीहरूमा लगानी गर्न अनुरोध गरे । बिक्रीपछिको सेवाको लागि जस्तोसुकै परिस्थितिमा पनि ग्राहकको साथमा रहने प्रतिबद्धता समेत उनले जनाए । सोही कार्यक्रममा अशोक लेल्यान्ड भारतका क्षेत्रीय प्रमुख तन्मय मित्रले अशोक लेल्यान्ड हिन्दुजा समूहअन्तर्गतको ७३ वर्ष पुरानो भारतको दोस्रो ठूलो कमर्सियल गाडी निर्माता कम्पनी भएको र आईएमई मोटर्ससँगको सहकार्यमा नेपालमा अशोक लेल्यान्डको आक्रामक बजार विस्तार गर्ने उद्देश्य रहेको जानकारी दिए ।




रेमिट्यान्स व्यवसायबाट उदाएको आईएमई ग्रुप सन् २००१ मा स्थापना भएको हो । बैंकिङ, इन्स्योरेन्स, अटोमोबाइल्स, इनर्जी, ट्राभल-टुर्स, पर्यटन, सुचना प्रविधि, ऊर्जालगायतको विभिन्न क्षेत्रमा लगानी विस्तार गर्दै नेपालमा रोजगारीका अवसर सिर्जना गर्ने कार्यमा आईएमई ग्रुप निरन्तर लाग्दै आएको छ । आईएमई मोटर्सले ट्रक टिप्पर, स्कुल बससहित साना तथा ठूला कमर्सियल गाडीहरू बिक्री वितरण गर्दै आएको छ । साथै आर्मी पुलिसका लागि प्रयोग हुने विशेष गाडीहरू पनि उपलब्ध गराउँदै आएको छ । उद्घाटन गरिएको सिमराही सर्भिस सेन्टर र चन्द्रनिगाहपुर शाखाबाहेक थप १३ शाखाबाट सेल्स, सर्भिस र स्पेयर पार्ट्सको सुविधा पनि दिँदै आएको कम्पनीले जनाएको छ ।

# हुन्डाईको 'बेस्ट बाई' योजना




आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'हुन्डाई बेस्ट बाई' योजना ल्याएको छ । यो योजना नेपालभर लागू हुनेछ । यस योजनामार्फत ग्राहकहरूले हरेक हुन्डाई गाडीको खरिदमा आकर्षक नगद छुटका साथै विभिन्न सुविधाहरू प्राप्त गर्ने अवसर पाउनेछन् ।

यो योजनामार्फत ग्राहकले ५० हजार रूपैयाँसम्मको बेस्ट बाई बोनस, एक वर्षको निःशुल्क बृहत् बीमा तथा सडक कर, ३० हजार रूपैयाँसम्मको एक्सचेन्ज बोनस, चार लाख रूपैयाँसम्मको आकर्षक नगद छुटका साथै स्पट एक्सचेन्ज र भ्यालुएसन पनि पाउन सक्नेछन् । हरेक हुन्डाई गाडीमा छ वर्षको निःशुल्क सेवा र तीन वर्षको वारेन्टी रहेको छ । लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लिमिटेडले आफ्ना ग्राहकहरूलाई विभिन्न उपहार र फाइदाहरु प्रदान गर्न सधैं नयाँ र नवीन योजनाहरु ल्याउदै आएको छ । नयाँ बेस्ट बाई योजनाले ग्राहकहरूलाई आकर्षित गर्ने छ । यो योजना २०७८ चैत १९ सम्म लागू हुने कम्पनीले जनाएको छ ।

# 'नेप्लिज एसोसिएसन अफ अष्ट्रेलिया' एजुकेसन रिप्रेजेन्टेटिभ्सको साधारणसभा



आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

नेप्लिज एसोसिएसन अफ अष्ट्रेलिया एजुकेसन रिप्रेजेन्टेटिभ्स नायरको १४औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । उक्त साधारणसभाले नयाँ नेतृत्व समेत चयन गरेको छ । संस्थाको अध्यक्षमा प्रेम पाण्डे, उपाध्यक्षमा उद्धव बहादुर खड्का, महासचिवमा थरेन्द्र राज अधिकारी, सचिवमा एन्ड्रु पौडेल, कोषाध्यक्षमा शालिकराम भण्डारी, कार्यकारी सदस्यमा बि-राज पाण्डे र बुद्ध शाक्य निर्वाचित भएका छन् ।

नवनिर्वाचित पदाधिकारीहरूलाई शुभकामना दिँदै निवर्तमान अध्यक्ष विज्ञान श्रेष्ठले कोरोनाको महामारीले शैक्षिक परामर्श क्षेत्र पूर्ण प्रभावित भएको र आगामी पललाई सृजनात्मक बनाउन आवश्यक रहेको बताए । त्यस्तै, नवनिर्वाचित अध्यक्ष पाण्डेले यस पटकको निर्वाचित सम्पूर्ण टिमलाई उत्प्रेरणा प्रदान गर्दै नेप्लिज एसोसिएसन अफ अष्ट्रेलिया एजुकेसन रिप्रेजेन्टेटिभ्स नायरको गतिविधिलाई अगाडि बढाउन समेत निर्देशन दिए । उनले नेपाली विद्यार्थीले विदेशमा शिक्षा लिई आफ्नो प्रतिभा समेत देखाउँदा नेपाली विद्यार्थीको बेग्लै पहिचान बनाउन सकेको बताए । 'अस्ट्रेलियन दूतावास, आना, नाकी, अष्ट्रेलियन अवार्डलगायतका विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना गतिविधि अगाडि बढाइरहेका छौँ । साथै अष्ट्रेलियन एजुकेसन इन्फर्मेसन सेन्टर समेत स्थापना भइसकेको छ। बोर्डर खोलेसँगै हामी अष्ट्रेलियन कल्चर, बिजिनेस र एजुकेसनलाई विभिन्न कार्यक्रममार्फत प्रवर्द्धन गर्नेछौँ', नवनिर्वाचित उपाध्यक्ष उद्धव बहादुर खड्काले भने । उनले नेपाली विद्यार्थीहरूको विदेश अध्ययनलाई आफूहरूले सहजीकरण गर्नको लागि महत्वपूर्ण भूमिका खेल्दै आएको समेत बताए । निर्वाचित सदस्यहरूले आफूहरू विदेश अध्ययनका लागि जाने विद्यार्थीको गुणस्तरीय शिक्षाको लागि सदैव प्रतिबद्ध रहेको बताएका छन् ।

# सुनचाँदी व्यवसाय सञ्चालनसम्बन्धी प्रस्ट नीति बनाउन सरकारलाई आग्रह

आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

सुनचाँदी व्यवसाय सञ्चालनसम्बन्धी प्रस्ट नीतिनियम बनाउन व्यवसायीहरूले सरकारसँग आग्रह गरेका छन् । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वको प्रतिनिधिमण्डलले बुधबार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक प्रेम कुमार श्रेष्ठसँग भेट गरी प्रष्ट नीति बनाउन आग्रह गरेको हो ।

सुनचाँदी व्यवसाय र यसको कारोबारका लागि हालसम्म पनि प्रस्ट नीति बन्न नसक्दा व्यवसाय सञ्चालनमा बाधा पुगेको महासंघका अध्यक्ष शाक्यले बताए । सरकारले सुनचाँदी कारोबारको निर्देशिका बनाएमा त्यसलाई अक्षरश पालना गरी अगाडि बढ्न व्यवसायीहरू तयार रहेको उनको भनाइ छ ।आफूहरूले दशौँ वर्षदेखि यस विषयमा आवाज उठाउँदै आएको भए पनि हालसम्म त्यसको सम्बोधन हुन नसकेको उनले गुनासो गरे । भेटका क्रममा महानिर्देशक श्रेष्ठले कुनै पनि पेशा व्यवसाय सञ्चालनका लागि प्रस्ट नीतिनियम आवश्यक पर्ने स्वीकार गर्दै सुनचाँदी व्यवसाय, व्यवसायी र आम उपभोक्ता सरोकारलाई समेत समेट्ने गरी नीति बनाउन आफूले पहल गर्ने प्रतिबद्धता जनाए । यसका लागि विभिन्न सरकारी निकायसँग समन्वय गरेर अगाडि बढ्ने उनको भनाइ थियो ।



व्यवसायीहरूका अनुसार सरकारले स्पष्ट नीति नबनाउँदा मुनाफा, ज्यालाजर्ती, टोलसेन्स जस्ता विषयमा समस्या देखिएको छ । जसका कारण व्यवसायीहरू बारम्बार अप्ठ्यारो पर्ने गरेका छन् । सरकार र व्यवसायीबीच शीघ्र नीतिनिर्माण गरी लागू गर्ने सहमति भए पनि हालसम्म त्यसको कार्यान्वयन हुनसकेको छैन । प्रतिनिधिमण्डलमा महासंघका निवर्तमान अध्यक्ष मोहन सुनार, वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, प्रथम उपाध्यक्ष मोहन काजी शाक्य, महासचिव धर्मसुन्दर बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, मधेश प्रदेश सभापति रामजी साहलगायतका व्यवसायीको सहभागिता रहेको थियो ।

# छायाँ सेन्टरमा मेरो स्कुलको 'सेल्फी पोइन्ट'

आर्थिक संवाददाता
काठमाडौं, फागुन २५

काठमाडौँको ठमेलस्थित छायाँ सेन्टरमा मेरो स्कुलको 'सेल्फी पोइन्ट' स्थापना भएको छ । मंगलबार अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा एक कार्यक्रमका बीच सो पोइन्ट स्थापना गरिएको हो ।

सो सेल्फी पोइन्टको उद्घाटन अभिनेत्री ऋचा शर्माले उद्घाटन गरेकी थिइन् । कार्यक्रममा उनले आजको समयमा मेरो स्कूल जस्तो डिजिटल इ-लर्निङ्ग प्लाटफर्मको धेरै महत्व रहेको बताईन् । साथै, ग्रामीण क्षेत्रहरूमा पनि इन्टरनेटको पहुँच भएकोले मेरो स्कुल एप विद्यार्थीहरूका लागि निकै लाभदायक हुने उनको भनाइ थियो । कोरोना महामारीको समयमा अनलाइन कक्षा, डिजिटल प्लाटफर्महरूको माग बढेका कारण मेरो स्कूलको उज्वल भविष्य देखेको उनले बताइन् ।

**के हो मेरो स्कुल ?**

मेरो स्कुल एक डिजिटल इ-लर्निङ्ग प्लाटफर्म हो जहाँ प्रयोगकर्ताले नेपाल सरकारको पाठ्यक्रममा आधारित २० हजारभन्दा धेरै भिडिओहरू प्राप्त गर्न सक्नेछन् । यसका साथै यहाँ पुराना प्रश्नपत्रहरू हल गरिएका भिडिओहरू पनि हेर्न सकिनेछ ।

यसका भिडिओहरू सबै एनिमिटेड र पिक्टोरियल फिचरद्वारा तयार पारिएको छ । यी भिडिओहरू दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा सरल भाषामा तयार पारिएका हुन् । शैक्षिक पाठ्यक्रमका अलावा यहाँ डिजाइनिङ कोर्स, ल्याङवेज कोर्स, सेयर तालिम लगायतका कोर्सहरु पनि हेर्न सकिनेछ। यस एपमा प्रयोगकर्ताहरूले एक महिनाको लागि केवल २२ रूपैयाँमा कक्षा एकदेखि १२ सम्मका भिडिओहरू हेर्न सक्नेछन् । यसको सबैभन्दा राम्रो विशेषता भनेको विद्यार्थीहरूले घरैमा बसी यहाँ भएका भिडिओहरू हेरी पढ्न सक्नेछन्। अफलाइन भ्युइङ फिचर पनि भएकोले यहाँ भएका शैक्षिक सामग्रीहरू आफूले चाहेको समयमा चाहेको ठाउँमा बसी सुपथ मूल्यमा हेर्न सक्नेछन् ।

# म्याकडोनाल्ड्स, स्टारबक्स र कोका–कोलाले पनि छाडे रुस




न्युयोर्क, फागुन २५ । म्याकडोनाल्ड्स र स्टारबक्सले आफ्ना रूसी रेष्टुराँ र क्याफे बन्द गर्ने भएका छन् । त्यस्तै कोका–कोलाले पनि रूसमा सेवा सञ्चालन निलम्बन गर्ने घोषणा गरेको छ ।

रूसले युक्रेनमाथि गरिरहेको सैन्य आक्रमणको विरोधमा उनीहरूले यस्तो निर्णय लिएको जनाएका छन् । पेप्सिकोले पनि केही उत्पादन रूसबाट निकाल्ने भएको छ । अन्य पश्चिमा बहुराष्ट्रिय कम्पनीहरूले पनि यसअघि नै रूसमा सेवा दिन इन्कार गरिसकेका छन् । यी कम्पनीहरूमाथि पनि सोही निर्णय लिन दबाब भएपछि कम्पनीहरूले पछिल्लो निर्णय लिएको सीएनएनले जनाएको छ ।

न्युयोर्क राज्यको नियन्त्रक थोमस डिनापोलीले रूसमा व्यवसाय नगर्न कम्पनीहरूलाई दबाब दिँदै आएको थियो । रूसमा आठ सय ४७ स्थानमा म्याकडोनाल्डको व्यवसाय छ । ८४ प्रतिशत स्थानमा म्याकडोनाल्ड आफैँले रूसमा व्यवसाय गरिरहेको छ । कम्पनीले युक्रेनका एक सय आठ स्थानमा पनि व्यवसाय गर्छ । युक्रेनमा कम्पनी आफैँले व्यवसाय गरिरहेको छ । जहाँबाट कम्पनीलाई नौ प्रतिशत राजस्व आउँछ । रूसमा कम्पपनीले ६२ हजार मानिसलाई रोजगारी दिएको बताएको छ ।

यता मंगलबार नै कफी सेवा प्रदायक स्टारब्क्सले रूसमा सबै व्यावसायिक गतिविधि निलम्बन गरेको जनाएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत केभिन जोन्सनले आफ्ना कर्मचारीलाई उक्त जानकारी गराएका हुन् ।

यी कम्पनीबाहेक डानोन र युनिलिभरले पनि यही किसिमका निर्णय लिएका छन् ।

# विश्वव्यापी तेल अभाव हुने ओपेक प्रमुखको चेतावनी

लन्डन, फागुन २५ । रूसमाथिको थप प्रतिबन्धका कारण विश्वले पेट्रोलियम पदार्थको अभावको सामना गर्नुपर्ने पेट्रोलियम पदार्थ निर्यात गर्ने मुलुकहरूको संगठन (ओपेक) का प्रमुखले मंगलबार चेतावनी दिएका छन् ।

पेट्रोलियम पदार्थ निर्यातको रूसको हिस्सालाई बदल्न नसकिने र रूसमाथि लगाइने प्रतिबन्धको प्रत्यक्ष असर यस क्षेत्रले सामना गर्ने ओपेकका महासचिव मोहम्मद बार्किन्डोले बताए । उनले अमेरिकी राज्य टेक्सासको ह्यूस्टनमा सीरावीक विश्वव्यापी ऊर्जा मञ्चमा भने, 'यहाँ खतरामा परेको मुद्दा यी अनुमान गरिएका अभावहरु पूरा गर्न विश्वको क्षमता हो ।'

रूसले दैनिक ७० देखि ८० लाख ब्यारेल तेल निर्यात गर्दै आएको उल्लेख गर्दै बार्किन्डोले युक्रेन संकटमाथि वित्तीय प्रतिबन्धअन्तर्गत यस्तो तेल निर्यात गर्न असम्भव छ । यी प्रतिबन्धलाई उनले विश्वले अहिलेसम्म सम्भवतः अन्य कुनै पनि देशमा नदेखेको सबैभन्दा गम्भीर समस्या भनेका छन् ।

